# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री भगवती चौधरी र मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री श्री प्रमोद कुमारको १०९८ अवलोकन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री भगवती चौधरी र मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्रालयका माननीय मन्त्री श्री प्रमोद कुमार जयसवाल लगायत मन्त्रालयका प्रतिनिधिहरूले र राष्ट्रिय बालअधिकार परिषद्को सहयोगमा आसमान नेपालद्वारा संचालित १०९८ धनुषा जनकपुर कार्यालय अवलोकन गर्नुभएको छ ।

अवलोकनको क्रममा माननीय मन्त्री चौधरी लाई स्वागत गर्दै आसमान नेपालका कार्यक्रम निर्देशक दिनेश साहले आसमान नेपालको गतिबिधिका बारेमा जानकारी गराउनुको साथै नेपाल सरकारको सहयोगमा आसमान नेपालद्वारा संचालित बाल हेल्प लाइन १०९८ को प्रगति बिबरण र प्रभावकारिताबारे बिस्तृत रुपमा जानकारी गराउनु भयो । छलफलको क्रममा युनिसेफ नेपालका प्रमुख श्री एलिशा अकुन्गनले हेल्प लाइनमा आएका कलहरू डिजिट्लाइज्ड प्रविधिमा लानु पर्ने विषयमा जोड दिनुभएको थियो । प्रगति बिबरण पश्चात् माननीय मन्त्री चौधरीले आसमान नेपालले शिक्षा क्षेत्रमा धेरै राम्रो काम गरिरहेको र बाल हेल्प लाइनलाई बढी भन्दा बढी प्रभाबकारी बनाउनका लागि प्रचार प्रसारको साथै थप सहकार्य र साझेदारीको

आवश्यक्ता रहेको बताउनु भयो । अवलोकनमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री दिनेश भट्टराई, राष्ट्रिय बाल अधिकार परिषदका उपाध्यक्ष श्री बम बहादुर बाँनिया, समाज कल्याण परिषदका सदस्य सचिब श्री मनोज भट्ट, खेलकुद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेशका सचिव चुडामणि फुयाल तथा युनिसेफ नेपालका प्रमुख श्री एलिशा अकुन्गनको समेत उपस्थिती रहेको थियो । असार ४, २०८१






